नेपाल सरकार
अर्थ मन्त्रालय
# भन्सार विभाग
(भन्सार सुधार तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा)

त्रिपुरेश्वर, काठमाडौं, नेपाल

प.सं.:- ०६९/८०
च.नं.:- ६९

मितिः २०७९/०९/०३

श्री अर्थ मन्त्रालय,
प्रशासन महाशाखा,
सिंहदरबार, काठमाडौं ।

विषयः भन्सार स्मारिकाका लागि लेख रचना उपलब्ध गराईदिनुहुन ।

भन्सार विभागले मिति २०७९/१०/१२ गते, तदनुसार सन् २०२३ जनवरी २६ का दिन विश्व भन्सार संगठनले तय गरेको ""Nurturing the Next Generation: Promoting a Culture of Knowledge-sharing and Professional Pride in Customs" भन्ने नाराका साथ ७१ औं अन्तर्राष्ट्रिय भन्सार दिवस विभिन्न कार्यक्रमको आयोजना गरी मनाउन लागेको व्यहोरा जानकारी गराउन चाहन्छु । यस अवसरमा विगतका वर्षहरु झैं यस वर्ष पनि भन्सार स्मारिका प्रकाशन गर्ने कार्यक्रम रहेको छ ।

अतः भन्सार प्रशासनलाई अझ बढी सेवाग्राहीमुखी, पारदर्शी र आधुनिक प्रशासनमा रुपान्तरण गर्न मार्गदर्शन एवम् उत्प्रेरित गर्ने यहाँको विद्वता, अनुभव एवम् ज्ञानबाट निसृत विचार समेटी कुनै एक विषयमा लेख रचना तयार गरी उपलब्ध गराई दिनुहुन सादर अनुरोध गर्दछु ।

लेख रचना तयार गरी पठाउने सम्बन्धी थप जानकारी यस प्रकार छः

(क) लेख रचना नेपाली वा अंग्रेजी कुनै एक भाषामा तयार गर्न सकिनेछ । नेपाली भाषामा लेख रचना भए युनिकोड वा प्रिती फन्टमा र अंग्रेजी भाषामा भए Arial वा Times New Roman फन्टमा तयार गर्नुपर्नेछ । फन्ट साइज युनिकोडमा १२, प्रीतिमा १४ र Arial वा Times New Roman मा १२ हुनुपर्नेछ ।
(ख) लेख रचनामा सन्दर्भ सामग्री अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।
(ग) लेख रचना यस पूर्व कहि कतै प्रकाशन नभएको हुनुपर्नेछ ।
(घ) लेख रचना सामान्यतया २५०० देखि ३००० शब्दसम्मको हुनुपर्नेछ ।
(ङ) सम्पादन एवम् प्रकाशनमा सहजताका लागि लेख रचनाको Soft Copy पौष २५ गतेभित्र देहाएको सम्पर्क व्यक्तिले पाउने गरी पठाउनु पर्नेछ ।
(च) लेख रचना पठाउने सम्बन्धी अन्य कुनै जानकारी आवश्यक भएमा सम्पर्क व्यक्ति मार्फत बुझ्न सकिनेछ ।
(छ) प्राप्त भएका लेख रचनाहरुको मूल्याङ्कन गर्ने अधिकार सम्पादन समूहमा सुरक्षित रहनेछ ।
(ज) भन्सार स्मारिकामा प्रकाशित लेख रचनाका लेखकलाई पारिश्रमिकको व्यवस्था गरिएको छ ।
(झ) एउटै विषयमा एकभन्दा बढी लेख प्राप्त भएमा सम्पादक मण्डलले छनोट गरेको लेखलाई स्थान दिइनेछ ।

सम्पर्क व्यक्तिः
प्रतिष्ठा कोइराला, शाखा अधिकृत, भन्सार विभाग
मोबाइल नं. ९८४१०७१५३०
इमेलः pratistha.koirala1@gmail.com

प्रतिष्ठा कोइराला
(शाखा अधिकृत)